# ऐसेलुखर्क गाउँपालिका

## गाउँ कार्यापालिकाको कार्यालय

## ऐसेलुखर्क, खोटाङ

## १ नं. प्रदेश, नेपाल

# ऐसेलुखर्क गाउँपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार/सेवामा पदपुर्तिको लागि संचालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड

२०७४

## ऐसेलुखर्क गाउँपालिकामा विभिन पदहरुको स्थायी /अस्थायी /करार सेवामा पदपूर्तिका लागि संचालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७४

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७४/१०/१९

**प्रस्तावना** : ऐसेलुखर्क गाउँपालिकामा विभिन्न पदहरुमा स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड बनाउन बाञ्छनिय भएकाले ऐसेलुखर्क गाउँपालिका कार्यपालिकाले यो मापदण्ड बनाएको छ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस नियमावलीको नाम "ऐसेलुखर्क गाउँपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्वन्धी मापदण्ड, २०७४" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "पदपुर्ति समिति" भन्नाले गाउँपालिकाको स्विकृत दरबन्दीअनुसार रिक्त पदमा स्थायी/अस्थायी वा करार सेवामा पदपूर्तिको लागि गाउँपालिका कार्यपालिकाको निर्णय अनुसार गठन हुने समिति सम्झनु पर्दछ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले ऐसेलुखर्क गाउँपालिका कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले ऐसेलुखर्क गाउँपालिकालाई सम्झनु पर्दछ।

## परिच्छेद २

## सेवा सुविधा सम्बन्धी व्यवस्था

### ३. परीक्षा संचालनमा परीक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था

(१) लिखित परीक्षा संचालनमा परीक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा देहाय बमोजिम हुनेछ :

(क) केन्द्राध्यक्ष (राजपत्रांकित कर्मचारी वा सो सरह )- रु. ५००।०० प्रतिघण्टा

(ख) सहायक केन्द्राध्यक्ष (राजपत्रांकित तृतीय वा सो सरह वा ना.सु. वा सो सरह)- रु. ३००।०० प्रतिघण्टा

(ग) निरीक्षक (ना.सु. वा खरिदार वा सो सरह) - रु. २००।०० प्रतिघण्टा

(घ) कार्यालय सहयोगी - रु. १००।०० प्रतिघण्टा

(ङ) सुरक्षाकर्मी - १००।०० प्रतिघण्टा

(२) खण्ड (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई छ कोष वा सो भन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराईनेछ ।

(३) लिखित परीक्षामा सफल उम्मेदवारहरुको अन्तरवार्ताको लागि खटिने कर्मचारीकको सेवा सुविधा देहाय बमोजिम हुनेछ :

(क) संयोजक ( राजपात्रांकित वा सो सरह) - रु. १०००।०० प्रतिसिफट्

(ख) सदस्य (राजपत्रांकित वा सो सरह) - रु. ८५०।०० प्रतिसिफट्

(ग) विषय विशेषज्ञ - रु. ८५०।०० प्रतिसिफट्

(घ) सहयोगी कर्मचारी (ना.सु. वा खरिदार वा सो सरह )- रु. ५००।०० प्रतिसिफट्

(ङ) कार्यालय सहयोगी - रु. ३००।०० प्रतिसिफट्

(च) सुरक्षाकर्मी - रु. ३००।०० प्रतिसिफट्

स्पष्टिकरण : "प्रतिसिफट्" भन्नाले बढिमा तीन घण्टाको समयलाई बुझाउनेछ ।

(४) खण्ड (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई ६ कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराईने छ ।

## ४. उम्मेदवारको लिखित परीक्षाको उत्तर पुस्तिका जांच गर्ने परीक्षकले प्राप्त गर्ने सुविधा :

(१) उत्तर पुस्तिका जांचको लागि राजपत्रांकित वा सो सरहको कर्मचारीलाई खटाईनेछ ।

(२) उत्तर पुस्तिका जांच गर्ने परीक्षकले प्रति उत्तर पुस्तिकाका विषयगत भए रु. ५० र वस्तुगत भए रु. २५ पाप्त गर्नेछ ।

## ५. पदपूर्ति समितिमा रहने पदाधिकारीहरुको सुविधा :

(१) पदपूर्ति समितिमा रहने पदाधिकारीहरुले नियमानुसारको वैठक भत्ता बापतको रकम प्राप्त गर्नेछन ।

## ६. यसै बमोजिम भएको मानिने :

(१) यो मापदण्ड बन्नुपुर्व पदपूर्ति सम्बन्धमा भएका कार्यहरु यसै बममोजिम भएको मानिने र यसै मापदण्ड अनुसार सुविधा दिएको मानिनेछ ।

एसेलुङ्के गाउँपालिका